वीरगंज महानगरपालिकाको सम्मानित नगरसभाको २०औं अधिवेशन

२०८३ साल असार १० गते बुधबार महानगरपालिका कार्यपालिका सदस्य

जगत साह कानुले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष

# २०८३/०८४ को

# बजेट वक्तव्य

वीरगंज महानगरपालिका

२०८३

# <u>बजेट वक्तव्य</u>

आदरणीय नगर सभा अध्यक्षज्यू,

कार्यपालिका एवं नगर सभा सदस्यज्यूहरु,

यस गरिमामय नगर सभामा वीरगंज महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुस गर्दछु।

यस महत्वपुर्ण अवसरमा म नेपालको लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाईते तथा अंगभंग भएर जीवन बाँचिरहनुभएका सबै योद्धाहरु प्रति उच्च सम्मान गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस महानगरको जिम्मेवारी ग्रहण गरेको चार वर्ष व्यतीत भईसकेको छ। यस चार वर्षमा महानगरबासी जनताप्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौं र सबै नगरबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

रोजगारमुलक सन्तुलित एवं समावेशी विकासका लागि दिगो आन्तरिक आय हाँसिल गर्दै वीरगंज महानगरलाई आर्थिक राजधानीको रुपमा विकसित गर्ने दिशामा बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु।

वीरगंज महानगरपालिकाको आर्थिक वर्ष २०८३/२०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, नगर सभामा प्रस्तुत भएको आर्थिक वर्ष २०८३/२०८४ को नीति तथा कार्यक्रम, संघ तथा प्रदेश सरकारले अवलम्बन गरेको नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी तयार गरिएको छ। बजेट तर्जुमाको सिलसिलामा स्थानीय राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्थाहरु, विद्धत वर्ग, नागरिक समुदाय सबैबाट प्राप्त सुझाव समेतलाई आधार मानिएको छ।

**<u>सभाध्यक्ष महोदय,</u>**

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३/२०८४ को बजेट प्रस्तुत गर्नुपूर्व चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाको तथ्यांक पेश गर्न चाहन्छु।

१. चालु आर्थिक वर्ष २०८२/०८३ मा कुल रु. ३ अर्व ६९ करोड १२ लाख ४६ हाजर विनियोजन भएकोमा हाल सम्म कुल रु. २ अर्व १३ करोड ५७ लाख ९३ हजार अर्थात् ५८.५ प्रतिशत खर्च भएको छ भने असार मसान्तसम्म विनियोजित बजेटको करिव ६५ प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ। सो मध्ये चालु खर्च रु. १ एक अर्ब ८९ करोड अर्थात ७७ प्रतिशत, पूँजीगत खर्च रु.५० करोड अर्थात ४१ प्रतिशत खर्च र वित्तीय व्यवस्था तर्फ रु. १ करोड ८० लाख अर्थात ६० प्रतिशत हुने संशोधित अनुमान रहेको छ।

२. चालु आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान तर्फ रु.३६ करोड २६ लाख, राजश्व बाँडफाँडतर्फ रु.२३ करोड ५६ लाख, सशर्त अनुदानतर्फ ९४ करोड ४ लाख, समपुरक अनुदानतर्फ १ करोड २८ लाख र विशेष अनुदानतर्फ रु. ५ करोड ४५ लाख गरी

कुल रु.१ अर्व ६० करोड ५९ लाख अनुमान गरिएकोमा हालसम्म समानीकरण अनुदानतर्फ रु.३३ करोड १६ लाख, राजश्व बाँडफाँडतर्फ रु.२२ करोड ८३ लाख, सशर्त अनुदानतर्फ रु.९३ करोड ७२ लाख, समपुरक अनुदानतर्फ रु.७७ लाख र विशेष अनुदानतर्फ रु.१ करोड ३५ लाख गरी कुल १ अर्व ५१ करोड ८३ लाख अर्थात् ९४.५ प्रतिशत प्राप्त भएको छ।

३. यसै गरी चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान तर्फ रु.२ करोड ७५ लाख, राजश्व बाँडफाँडतर्फ रु.१ करोड ६७ लाख, सशर्त अनुदानतर्फ १ करोड ७५ लाख, र विशेष अनुदानतर्फ रु.५० लाख गरी कुल रु.६ करोड ६७ लाख अनुमान गरिएकोमा हालसम्म प्राप्त हुन सकेको छैन।

४. साथै घरजग्गा रजिष्ट्रेशन शुल्क बापत रु.२५ करोड अनुमान गरिएकोमा रु.२१ करोड ७२ लाख अर्थात् ८७ प्रतिशत प्राप्त भएको छ। आन्तरिक श्रोततर्फ हालसम्म रु.५३ करोड प्राप्त भएको छ भने असार मसान्तसम्म करिव ७० करोड प्राप्त हुने अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

म अब महानगरको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

१. महानगरबासीको आवश्यकता र अपेक्षा बमोजिम आधारभूत सहरी पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा लगायतका आधारभूत सेवाको सुनिश्चितता गर्नुपर्ने चुनौती रहेको छ।

२. महानगरको आनतरिक आय न्यून हुनु, चालु खर्च निरन्तर बढ्दै जानु, जेन जी आन्दोलनबाट भौतिक सम्पत्तिमा क्षति हुन गई थप आर्थिक भार पर्न जाँदा जनअपेक्षा अनुरुप सेवा प्रवाहलाई निरन्तरता प्रदान गर्न समस्या रहेको छ।

३. आन्तरिक आय र उक्त श्रोतबाट बेहोरिने खर्च वीच ठुलो अन्तर हुँदा चालु तथा पुजीगत कार्यक्रमहरुको भुक्तानी समयमा हुन सकेको छैन फलस्वरुप निरन्तर घाटा बजेटमा जानुपर्ने अवस्था रहेको छ।

४. महानगरभित्र संघ र प्रदेश सरकारबाट अघि बढाइएका आयोजनाहरु समयमै सम्पन्न नहुनु, संघ सरकार र प्रदेश सरकारबाट स्थानीय आवश्यकता अनुरुप बजेट प्राप्त नहुँदा सम्पन्न भएका योजनाहरुको समेत भुक्तानी गर्न सकिएको छैन।

५. नगरको विकासमा दुरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी **"नगर योजना बैंक"** तर्जुमा गरी टुक्रे योजनालाई बिस्थापित गर्दै विनियोजिन कुशलता बढाउनुका साथै प्रशोचन क्षमता बढाउनु चुनौतीपूर्ण रहेको छ।

६. सङ्घीय र प्रदेश सरकार प्रतिको आर्थिक निर्भरताबाट मुक्त हुँदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करको दायरामा आउन नसकेका करदाताहरु लाई दायराभित्र ल्याई आन्तरिक राजश्वको दायरा विस्तार गर्दै लक्ष्य अनुरुप राजस्व संकलन गर्नु

चुनौतीपूर्ण बन्दै गएको भए तापनि आन्तरिक राजस्व परिचालन गर्न सकिने प्रयाप्त आधार, बजार र सम्भावना छ।

७. उल्लेखित चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गरेको छ। एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, नगर सौन्द्रयिकरण योजना, उज्यालो वीरगंज अभियान, हरियाली प्रवर्द्धन, पार्क सञ्चालन, यातायात व्यवस्थापन, नगर सरसफाई, सुलभ ल्याब, फार्मेशी, एकीकृत भूमि व्यवस्थापन लगायतका कार्यहरुले नगरको समग्र आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव परेको छ। यसै गरी विभिन्न सडकको निर्माण, विकास तथा स्तरोन्नतिले ग्रामीण र सहरी क्षेत्रको सञ्जाल निर्माण भई आर्थिक गतिविधि बढ्न गई उत्तर-दक्षिण आर्थिक करिडोर र पूर्व-पश्चिम आर्थिक करिडोरको जग बसेको छ।

**सभाध्यक्षज्यू,**

आर्थिक वर्ष २०८३/२०८४ को बजेटलाई मैले निम्न उद्देश्यहरु. परिपूर्तितर्फ केन्द्रित गरेको छु।

१. महानगरभित्र आधारभूत सहरी पूर्वाधार, आर्थिक तथा सामाजिक पूर्वाधारको निर्माण एवम् विकास गरी शिक्षा, स्वास्थ्य, खानेपानी सेवालाई गुणस्तरीययुक्त र सर्वसुलभ बनाउने।

२. सरसफाई तथा ढल निकासलाई व्यवस्थित गर्दै सफा वीरगंज महानगर निर्माण गर्ने।

३. कृषिमा आधुनिकिकरण, व्यवसायीकरण र कृषिमा आधारित उद्योगको विकास र विस्तार गर्दै आन्तरिक आयमा वृद्धि गरी आन्तरिक रोजगार र स्वरोजगारका अवसर सिर्जना गर्ने।

**बजेटका प्राथमिकताहरु. निम्नानुसार उल्लेख गरेको छु।**

(क) शिक्षा र स्वास्थ्य सेवा

(ख) सरसफाई व्यवस्थापन, वन तथा वातावरण संरक्षण

(ग)कृषि, पर्यटन र उद्योग

(घ) गुणस्तरीय भौतिक पूर्वाधार

(ङ)प्रविधिमा आधारित सेवा प्रवाह

उल्लेखित उद्देश्य एंव प्राथमिकता कार्यान्वयन गर्दा नेपाल सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय सरकार, निजी तथा सहकारी क्षेत्र, स्थानीय टोल विकास संस्थाहरुसँग समन्वय, सहकार्य एवम् साझेदारी गरिनेछ।

**आदरणीय सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. २०८३/२०८४ को बजेटका प्रमुख क्षेत्रगत विनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**शहरी पूर्वाधार, खानेपानी तथा सरसफाई एवम् फोहोरमैला व्यवस्थापन**

१. वीरगंज महानगरभित्र सफा, सुरक्षित र पिउन योग्य पानीको व्यवस्था गर्नुका साथै ढल प्रणालीलाई व्यवस्थित बनाउन **एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना** संचालन गर्न सङ्घीय सशर्त

अनुदानतर्फ रु.७० करोड ५६ लाख, आन्तरिक श्रोतबाट रु.३ करोड ५० लाख र नगर विकास कोषबाट रु.१५ करोड गरी रु. ८९ करोड ६ लाख विनियोजन गरेको छु।

२. स्वच्छ, सफा र स्वस्थ वीरगञ्ज निर्माण गर्न एकीकृत फोहोरमैला व्यवस्थापन प्रणाली विकास गरी फोहोरबाट मोहरको अवधारणा अवलम्बन गर्दै फोहोरको वर्गीकरण, प्रशोधन, पुनःप्रयोग तथा ऊर्जा उत्पादनसम्बन्धी कार्यक्रमका लागि रु.१५ करोड विनियोजन गरेको छु।

३. शहरीकरण र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्दै हरित पूर्वाधार, खुला क्षेत्र, पार्क तथा हरियाली प्रवर्द्धन गरिनेछ। यसका लागि हरित र आधुनिक विपि उधान जस्ता जलवायु परिवर्तन अनुकूल शहरी विकास कार्यक्रमलाई निरन्तरता दिदै सञ्चालन गर्न रु.२० लाख विनियोजन गरेको छु।

४. महानगरभित्रका मुख्य, सहायक तथा भित्री सडकहरूको स्तरोन्नति, विस्तार र नियमित मर्मत सम्भार, महानगरभित्रका कृषि सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना सञ्चालन योग्य सडक सञ्जाल विकास गर्न रु.१ करोड ५० लाख विनियोजन गरेको छु ।

५. महानगरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न उज्यालो विरगंज अभियानका लागि स्मार्ट सडक बत्ती, CCTV निगरानी प्रणाली, डिजिटल सूचना बोर्ड तथा एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली विस्तार गर्न रु.१ करोड विनियोजन गरेको छु।

६. सौर्यबत्ती, बायोग्याँस, विद्युतीय सवारी साधन जस्ता नविकरणीय उर्जा तथा विद्युतीय उर्जा प्रविधि उपयोगमा जोड दिइनेछ।

७. जेन जी आन्दोलनको क्रममा महानगरको प्रमुख प्रशासनिक भवन लगायत वडा न. १०, १४ र २६ को वडा कार्यालय भवनमा आगलागी भइ नष्ट भएको हुँदा सेवा प्रवाहमा कठिनाइ सिर्जना भइरहेकोले प्रमुख प्रशासनिक भवन र वडा कार्यालयहरु एवम नगरस्तरीय पूर्वाधार निर्माण गर्न रु.१३ करोड विनियोजन गरेको छु।

८. महानगर क्षेत्रभित्र रहेको सम्पूर्ण घरहरु.को GIS मा आघारित House Numbering को लागि सम्भाव्यता अध्ययन गर्दै Piloting को लागि रु.२० लाख विनियोजन गरेको छु।

९. नगरमा रहेका सार्वजनिक जग्गाको खोजी एवं संरक्षण गर्ने कार्यलाई निरन्तरता दिदैं डिजिटल अभिलेखीकरण गरिनेछ।

**<u>वन, वातावरण तथा विपद व्यवस्थापन</u>**

१०. जलवायु परिवर्तन तथा बढ्दो शहरी तापक्रमको प्रभाव न्यूनीकरणका लागि महानगरभित्र क्रमिक रूपमा शीतल सडक अवधारणा अनुरुप स्थानीय प्रजातिका वृक्षहरू रोपण गरी हरित करिडोर (Green Corridor) विकास तथा गहवामाइ क्षेत्रमा वाटर मिस्ट कुलिंग सिस्टम (Water Mist Cooling System) जडान गर्न रु.२० लाख विनियोजन गरेको छु।

११. **"स्वच्छ सिर्सिया, हरित वीरगंजः हाम्रो गौरव, हाम्रो प्रण"** अनुरुप महानगरको गौरव र वातावरणीय संवेदनशीलतासँग जोडिएको सिर्सिया नदीको प्रदूषण नियन्त्रण र पानीको गुणस्तर सुधार गर्न सिर्सिया नदीमा नदीको बहाव (Discharge) मापनका लागि रु.५ लाख विनियोजन गरेको छु।

१२. सहरी ढल र फोहोरपानी प्रशोधन केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न STP (Sewage Treatment Plant) ल्याबका संचालन गरी नियमित परीक्षणका लागि रु.१० लाख विनियोजन गरेको छु।

१३. विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई व्यवस्थित गर्न **"स्थानीय विपद् तयारी तथा प्रतिकार्य योजना"** निर्माणका लागि रु. ७ लाख विनियोजन गरेको छु।

१४. महानगरमा हुने सम्भावित आगलागी, बाढी र अन्य प्राकृतिक प्रकोपको तत्काल सम्बोधनका लागि रु. ७५ लाख विनियोजन गरी **"विपद व्यवस्थापन कोष"** को व्यवस्था गरेको छु।

१५. **"सफा नाला, स्वस्थ सहरः लामखुट्टे मुक्त वीरगंजको रहर"** कार्यक्रमका लागि रु. ५५ लाख विनियोजन गरेको छु।

१६. नगरभित्रका सिमसार तथा पानीका मुहानहरु.को संरक्षण गरिनेछ।

**आर्थिक विकास (कृषि, पशु सेवा, उद्योग, संस्कृति, पर्यटन, रोजगारी तथा सहकारी)**

१७. कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणका **लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली** अवलम्बन गर्नुका साथै मुख्य खाद्यान्न बाली गहुँको उत्पादकत्व बढाउन कृषकहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्न रु.१० लाख विनियोजन गरेको छु।

१८. जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि **"आकस्मिक बाली संरक्षण"** च्याउ वीउ वितरण, बर्षे र हिउँदे तरकारी बालीको मिनिकिट वितरणका लागि रु.२० लाख विनियोजन गरेको छु।

१९. **"नश्ल सुधार र आकस्मिक उपचारः पशुपालनमा वीरगंजको नयाँ पूर्वाधार"** नारालाइ आत्मसात गर्दै निःशुल्क पशु सेवा उपचार कार्यक्रम तथा महामारीजन्य र आकस्मिक रोग निवारणका लागि आवश्यक औषधी खरिदका लागि रु.१० लाख विनियोजन गरेको छु।

२०. महानगरभित्र स्वच्छ मासुको आपूर्ति सुनिश्चित गर्न मासु व्यवसायीहरूसँग छलफल, अन्तरक्रिया र बजार नियमन साथै सार्वजनिक निजी लगानीमा बधशालाको निर्माण र संचालनका लागि सङ्घीय सशर्त अनुदान तर्फ रु.२० लाख विनियोजन गरेको छु।

२१. उपभोक्ता हित संरक्षण गर्दै होटल तथा खाद्य व्यवसायीहरूलाई खाद्य स्वच्छता सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि रु.५ लाख विनियोजन गरेको छु।

२२. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, र उपलब्धिमूलक बनाउन वैदेशिक रोजगार सम्बन्धी जानकारीमूलक सूचना प्रवाह गर्न रु.५ लाख विनियोजन गरेको छु।

२३. **"रोजगारदाता र श्रमिकको मेलः श्रम बजारमा उत्पादकत्वको खेल"** नाराका साथ रोजगारादाता र श्रमिक विच नियमित अन्तरक्रिया, संवाद तथा अर्थपूर्ण सहकार्यका लागि रु.५ लाख विनियोजन गरेको छु।

२४. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको ज्ञान, सीप र पुँजीलाई स्थानीय उद्यमशीलतामा उपयोग गर्न रिटर्नी स्वयंसेवक र सामाजिक परिचालक परिचालन गर्न रु.२५ लाख विनियोजन गरेको छु।

२५. आर्थिक विकासको बलियो खम्बाको रूपमा रहेको सहकारी क्षेत्रलाई मर्यादित र पारदर्शी बनाउन सहकारी संस्थाहरूको अभिलेख व्यवस्थापन, डिजिटल लेखा प्रणाली, उद्देश्यमुलक ऋण प्रवाह तथा समावेशिता तथा सहभागितामुलक सभा संचालन सम्बन्धी सघन प्रशिक्षण र अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि रु.५ लाख विनियोजन गरेको छु।

२६. महानगरपालिका क्षेत्रभित्र रहेका सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन गर्न डिजिटल अभिलेख निर्माणका लागि रु.५ लाख विनियोजन गरेको छु।

२७. महानगरभित्र स्थापित उद्योगहरुले आफ्नो श्रम शक्तिको कम्तिमा २५ प्रतिशत रोजगारी महानागरबासीलाई दिएमा त्यस्ता उद्योग हरुको व्यवसाय कर र सम्पति करमा छुट दिने नीतिलाई निरन्तरता दिइनेछ।

२८. महानगरको मुटुमा रहेको घण्टाघर स्थित वी.पी.उद्यानको खाली जग्गामा सुव्यवस्थित हरित एंव आधुनिक वी.पी.उद्यानको निर्माण कार्यमा निरन्तरता दिईनेछ।

२९. परम्परादेखि चलिआएका जात्रा, पर्व मेलाहरु. स्थानीय समुदायसँगको सहकार्यमा आयोजना गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

३०. बिन्दवासिनी मन्दिर, नृसिंह मन्दिर, भिस्वा बौद्ध बिहार जस्ता सांस्कृतिक सम्पदाहरुलाई गुरुयोजना बमोजिम पर्यटन पूर्वाधार विकास गर्दै यस क्षेत्रको महत्वपूर्ण पर्यटन सम्पदाहरुको रुपमा स्थापित गरिनेछ।

३१. अलौ पर्वको स्मृति संरक्षण, अध्ययन तथा भावी पुस्तामा ऐतिहासिक चेतना प्रवाह गर्न वीरगंज महानगरपालिकाद्वारा अलौ पर्व संग्रहालय निर्माण गरी सो क्षेत्रलाई संरक्षित ऐतिहासिक गन्तव्यको रुपमा विकास गरिनेछ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य सेवा तथा सामाजिक विकास)**

३२. सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत शिक्षकको तलब सुविधाबापत नेपाल सरकार सशर्ततर्फ रु.५७ करोड विनियोजन गरेको छु।

३३. विद्यालयलाई प्रविधिमैत्री बनाउनका लागि सबै सामुदायिक माध्यमिक तथा आधारभूत (कक्षा ६-८) विद्यालयमा डिजिटल सिकाइ सामग्री स्मार्ट बोर्डका लागि नेपाल सरकार विशेष अनुदानतर्फ रु.१ करोड ६७ लाख व्यवस्था गरेको छु।

३४. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइलाई जोड दिन सामुदायिक सिकाइ केन्द्रहरु मार्फत क्षमता विकास कार्यक्रमहरु सञ्चालनका लागि रु.३२ लाख विनियोजन गरेको छु।

३५. विद्यालय संचालन तथा व्यवस्थापन अनुदानलाई वृद्धि गरी विद्यालयको व्यवस्थापन खर्चलाई थप व्यवस्थित गर्न सशर्ततर्फ आवश्यक बजेट व्यवस्था गरेको छु।

३६. महानगरपालिकाको आवधिक शिक्षा योजना अनुरुप महानगरपालिकाको विद्यालय तथा प्राविधिक शिक्षालाई व्यवस्थित गरिनेछ।

३७. प्राविधिक तथा विज्ञान विषय सञ्चालन भएका विद्यालयमा अत्याधुनिक प्रयोगशाला निर्माण गरि शैक्षिक गुणस्तर सुनिश्चित गर्न जोड दिइनेछ।

३८. बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबल उच्च राख्न नपुग तलबभत्ताको लागि रु.४ करोड विनियोजन गरेको छु।

३९. शिक्षक अभाव रहेका माध्यमिक विद्यालयहरूमा स्वयंसेवक शिक्षक परिचालन गर्ने नीतिलाइ निरन्तरताका लागि रु.२० लाख विनियोजन गरेको छु।

४०. विद्यार्थीको गुणस्तरीय सिकाइ सुनिश्चत गर्न स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाइ प्रोत्साहन गरिनेछ। साथै छात्रामैत्री सिकाइ सुनिश्चत गर्न गुणस्तरीय सेनिटरी प्याड वितरणलाइ प्रभावकारी बनाइनेछ।यसका लागि नेपाल सरकार सशर्ततर्फ रु.८ करोड ८० लाख विनियोजन गरेको छु।

४१. भिन्न क्षमता भएका बालबालिकाहरू (बहिरा, दृष्टिविहीन, सुस्तमनस्थिति) लाई अध्ययन गर्न विशेष विद्यालय र स्रोत कक्षालाई अनुदान बापत रु.२५ लाख विनियोजन गरेको छु।

४२. पाँच वर्षमुनिका बालबालिकालाई प्रदान गरिने पूर्ण खोप तथा किशोरी र गर्भवती महिलाका लागि सञ्चालन गरिने खोप कार्यक्रमको शतप्रतिशत पहुँच सुनिश्चित गर्न रु.१७ लाख विनियोजन गरेको छु।

४३. बालबालिकाको न्यून पोषण तथा अधिक पोषण नियन्त्रणका लागि पोषणमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।

४४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य क्षेत्रमा रहेको योगदानको उच्च कदर गर्दै उनीहरूको क्षमता अभिवृद्धि, सामाजिक सुरक्षा तथा प्रोत्साहन सुविधामा निरन्तरता दिईनेछ।

४५. मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरण गर्न सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरूलाई आवश्यक उपकरण, दक्ष जनशक्ति तथा एम्बुलेन्स सेवासहित सुविधा सम्पन्न बनाइनेछ।

४६. सुत्केरी आमा, नवजात शिशु, ज्येष्ठ नागरिक तथा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि सामुदायिक नर्सिङ तथा घरदैलो स्वास्थ्य सेवा कार्यक्रम विस्तार गरिनेछ।

४७. महानगरको वडा न. ३ मा निर्माणाधीन सुलभ फर्मेशि र फिजियोथेरापी सेन्टरको निर्माण सम्पन्न गरी संचालनका लागि रु. १ करोड विनियोजन गरेको छु।

४८. महानगरपालिका अन्तर्गत सञ्चालित प्रयोगशाला सेवाको गुणस्तर अभिवृद्धि गर्न आधुनिक उपकरण, प्रविधि तथा परीक्षणका लागि रु.१ करोड विनियोजन गरेको छु।

४९. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मिको तलब सुविधा बापत नेपाल सरकार सशर्ततर्फ रु.१० करोड विनियोजन गरेको छु।

५०. महानगरपालिका अन्तरगत संचालनमा रहेका स्वास्थ्य प्रयोगशालाहरुको स्तरोन्नत्ती गर्दै आधुनिक प्रविधि उपकरण जडान गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि रु.५० लाख विनियोजन गरेको छु।

५१. नसर्ने रोग, मानसिक स्वास्थ्य, क्यान्सर, मधुमेह, उच्च रक्तचाप तथा मिर्गौला रोगको समयमै पहिचान र व्यवस्थापनका लागि नियमित स्वास्थ्य परीक्षण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनका लागि सशर्त तर्फ रु.७ लाख विनियोजन गरेको छु।

५२. सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरी स्वास्थ्य सूचकहरूमा सुधारका लागि सशर्ततर्फ रु.२ करोड विनियोजन गरेको छु।

५३. महानगर क्षेत्रभित्र क्रियाशील गैर-सरकारी संस्थाहरू (NGOs) सँग परिपूरक विकासका लागि समन्वय र अन्तरक्रिया तथा अभिमूखिकरणका लागि रु. १० लाख विनियोजन गरेको छु।

५४. महानगर क्षेत्रभित्र खानेपानीको गम्भीर समस्या भएका स्थानहरूमा शुद्ध खानेपानी आपूर्ति गर्न डिप बोरिङ खरिद तथा जडान गरी दिगो रुपमा संचालन गर्न रु.५० लाख विनियोजन गरेको छु।

५५. अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मान र आयआर्जनका लागि क्षमता अभिवृद्धि र सीपमूलक तालिम संचालनका लागि रु.५ लाख विनियोजन गरेको छु।

५६. लैंगिक रूपमा अल्पसंख्यक (LGBTQIA+) समुदायको पहिचान, अधिकार र सामाजिक समावेशीकरणका लागि कार्यक्रम संचालन गर्दै प्रदेश सरकारको सहयोगमा GESI अडिट कार्य अगाडि बढाइनेछ।

५७. बालबालिकाको विकास, संरक्षण र सहभागिता सुनिश्चित गरी बालमैत्री शासनमा जोड दिइनेछ।

५८. ज्येष्ठ नागरिकहरूलाई टहल्न र मनोरञ्जनका लागि पार्कभित्र हरियाली र पूर्वाधार विकास गरिनुका साथै समाजका अग्रज ज्येष्ठ नागरिकहरूको अनुभवको कदर गर्दै सम्मान तथा सद्भाव कार्यक्रम संचालनका लागि रु.१० लाख विनियोजन गरेको छु।

५९. नगरवासीलाई खेलकुदतर्फ आकर्षित गरी शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा जोड दिइनेछ। यसका लागि खेल प्रतियोगिताहरु आयोजना गरिनेछ।

६०. संघ सरकार र प्रदेश सरकारसँगको साँझेदारीमा नयाँ खेल पूर्वाधारहरु को निर्माण र विद्यमान खेल मैदानको मर्मत सम्भार गरिनेछ।

**<u>सुशासन, प्रशासन र अन्तरसम्बन्धित क्षेत्र</u>**

६१. महानगरपालिका र अन्तर्गतका कर्मचारी तथा जनप्रतिनिधिको सुविधा, तलवभत्ता लगायत कार्यालय संचालनका लागि रु.७८ करोड ६८ लाख विनियोजन गरेको छु।

६२. महानगरपालिकाका सम्पूर्ण प्रशासनिक कार्यलाई डिजिटल अभिलेख प्रणालीमा आबद्ध गरी Paperless, Faceless and Cashless बनाउदै सार्वजनिक प्रशासनलाई नागरिकमैत्री, पारदर्शी, जवाफदेही तथा परिणाममुखी बनाउदै भ्रष्टचारमा शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।

६३. कर्मचारीको कार्यसम्पादनलाई नतिजासँग आबद्ध गरी कार्यसम्पादनमा आधारित मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ।

६४. महानगरपालिका अन्तरगतका कर्मचारीहरुको क्षमता विकासका साथ वृति विकासका लागि आवश्यक सेवाकालिन तालिमका लागि रु.२५ लाख विनियोजन गरेको छु।

६५. राजस्व संकलनका सम्पूर्ण प्रक्रियाको सरलीकरण, डिजिटलीकरण तथा स्वचालन गरी करदातालाई सहज सेवा प्रदान गर्नुका साथै करको दायरा विस्तार, कर चुहावट नियन्त्रण तथा राजस्व संकलनमा वृद्धि गरिनेछ।

६६. महानगरपालिकाको चल तथा अचल सम्पत्तिको डिजिटल अभिलेख तयार गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई वडास्तर सम्म प्रयोग गरिदै लगिनेछ।

६७. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागिताका कार्यक्रम सञ्चालनका लागि रु.८ लाख विनियोजन गरेको छु।

६८. न्यायिक समितिका काम कारवाही प्रभावकारी तुल्याई शीघ्र न्याय निरुपण अभियान चलाइनेछ। न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु.२५ लाख विनियोजन गरेको छु।

६९. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा तथ्याङ्कहरुको उपयोग गर्ने नीति अबलम्बन गर्दै तथ्याङ्क शाखालाई प्रविधिमैत्री बनाउदै तथ्यांक आवधिक गरिनेछ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

आगामी आर्थिक २०८३/०८४ को लागि कुल खर्च रु. ४ अर्ब ४२ करोड ३४ लाख ६९ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु. २ अर्ब ४० करोड ३४ लाख ८५ हजार अर्थात ५४.३ प्रतिशत, पुँजिगत तर्फ रु. १ अर्ब ९६ करोड ९९ लाख ८४ हजार अर्थात ४४.६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु. ५ करोड अर्थात् १.१ प्रतिशत रहेको छ।

अगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमा सङ्घीय अन्तर सरकारी वित्तीय हस्तान्तरण बाट रु. १ अर्ब ९८ करोड २९ लाख, सङ्घीय राजस्व बाँडफाँड बाट रु. २४ करोड ६८ लाख ८३ हजार, प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण बाट ५ करोड २८ हजार, प्रदेश राजस्व वाडँफाड बाट रु. १ करोड ६७ लाख १४ हजार, घर जग्गा रजिष्ट्रेशन शुल्क वापत रु. ४५ करोड,

आन्तरिक राजस्वबाट रु.१  अर्ब ४८ करोड, गत वर्षको नगद मौज्दातबाट रु. ४  करोड ६९ लाख ४४ हजार तथा नगर विकास कोषबाट रु. १५ करोड व्यहोरिने जानकारी गराउदछु।

**सभा अध्यक्षज्यू,**

आगामी आर्थिक वर्ष २०८२/८३ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु।

१. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ। आन्तरिक राजश्वलाई नगरको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गरी वित्तीय आत्मनिर्भरता कायम गर्नु राजश्व नीतिको प्रमुख उद्देश्यको रुपमा लिएको छु।

२. महानगरमा राजस्व सङ्कलन कार्यलाई पूर्ण, पारदर्शी एंव अनुमानयोग्य बनाउन आगामी आर्थिक वर्ष २०८३/०८४ को श्रावण देखि नै सुत्र (SuTRA) मार्फत सबै प्रकारका राजस्व संकलन कार्य प्रारम्भ गरिनेछ।

३. करका दर तथा करमा दिइने छुट हरुलाई अनुसूचीहरुमा समावेश  गरेको छु।

**सभा अध्यक्ष महोदय,**

४. आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३/८४ को शिर्षकगत र स्रोत अनुसारको व्यय अनुमान विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

५. बजेटमा प्रस्तावित वित्तीय तथा राजश्व सुधारका नीतिबाट आन्तरिक राजश्वको कराधार फराकिलो हुने, प्रशासनिक खर्चमा मितव्ययीता कायम भई पूँजीगत खर्चको गुणस्तर एवं प्रभावकारिता बढ्ने अपेक्षा राखेको छु।

बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने कार्यपालिका एवं नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रबुद्ध नागरिक समाज, विज्ञ व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं महानगरका कर्मचारी मित्रहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस बजेटको कार्यान्वयनमा सबै पक्षबाट यथेष्ट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद**

**नमस्कार**

**जय नेपाल, जय वीरगंज**